# ४. बप्तिश्माका सिद्धान्तहरु

## क. मुख्य पदहरु

हिब्रु ६:१-२
लूका ११:१३
१कोरिन्थी १२:१२-१४
मत्ती ३:११-१२
मत्ती २८:१९

## ख. परिचय

क्रिश्चियनहरुका निम्ति तीन प्रमुख बप्तिश्माहरु छन र जो ख्रीष्टमा बढन चाहन्छन् तिनीहरुका निम्ति थप अर्को एउटा बप्तिश्मालाई पनि यहाँ समावेश गरिएको छ.

## ग. एउटै शरीरमा बप्तिश्मा

यो बप्तिश्माका बारेमा सबै विश्वासीहरुलाई थाहा हुनुपर्छ. यदि थाहा छैनभने तिनीहरु विश्वासी भनाउन लायक पनि छैनन् (१कोरिन्थी १२:१२-१४; एफिसी ४:४-५). अन्य बप्तिश्माहरु विश्वासीहरुका पुस्तैनी अधिकारहरु हुन जुन येशूले क्रूसमा प्राण दिएर खरिद गर्नुभएको थियो. अन्य बप्तिश्मा बिना पनि हामी स्वर्ग पुग्न त सक्छौं तर एउटै आत्माबाट एउटै शरीरमा हामी बप्तिश्मा हुनैपर्छ. हामीले नयाँ जन्म पाएको समयमा यो हुन्छ. जब कुनै अक्रिश्चियनले आफूलाई ख्रीष्टकहाँ समर्पण गर्छ उक्त व्यक्तिको जीवनमा पवित्र आत्मा प्रवेश गर्नुहुन्छ. रोमी ८:९ मा लेखिएको छ, "कुनै मानिसमा ख्रीष्टको आत्मा हुनुहुन्न भनेता त्यो उहाँको हुँदै होइन." प्रत्येक नयाँ आत्मिक बाल-बालिकाहरुलाई ख्रीष्टको शरीरमा सुम्पनु पवित्र आत्माको खास काम हो. सबैमा एकै किसिमले यो कार्य सम्पन्न हुदैन र यही यसको आश्चर्यलाग्दो पक्ष हो. प्रत्येक नयाँ क्रिश्चियनहरुको होशियारी साथ छानबिन गर्दै उसको खास तह निर्धारण गरेपछि उसलाई मण्डलीमा रिक्त र उपयुक्त स्थानमा ठाउँ तोकिनेछ. विश्वासीहरुले आफूलाई दिइएको स्थान आफूखुशी बदल्न चाहेमा वा यसमा अधीर हुनथालेमा गम्भीर परिणामहरु निस्कन सक्छन. कुनैपनि परिस्थितिमा पावलले जस्तै धिरज धर्न हामीले सिक्नुपर्छ (फिलिप्पी ४:११). केवल येशू ख्रीष्टले मात्र जो शरीरको शिर हुनुहुन्छ, आवश्यक परेमा व्यक्तिहरुको काम तथा स्थान स्थानान्तरण

गर्नसक्नुहुन्छ. हामीले उहाँको कुरा सुन्नुपर्छ र उहाँले हामीलाई जहाँ जानु भन्नुहुन्छ र जे गर भन्नुहुन्छ सो गर्नुपर्छ.

स्थानीय मण्डली र ख्रीष्टको शरीर (विश्व मण्डली) प्रति हाम्रो समर्पणता जरुरी छ किनभने एउटै आत्माद्वारा हामी यही एउटै शरीरमा बप्तिश्मा भएका थियौं. संसारभरि हाम्रा दाज्यू-भाइ, दिदी-बहिनीहरु भएकाले हामीले कहिल्यै पनि एकलो अनुभव गर्नुपर्दैन. हामीलाई ख्रीष्टको शरीरको आवश्यकता छ र यो शरीरभित्र हाम्रो जरुरत छ. परमेश्वरको राज्यमा स्वतन्त्रता (आफूखुशी गर्न पाउने) छैन तर एकअर्काको अधीनमा रहनुपर्छ. परमेश्वरले इच्छा गर्नुभए अनुसार एउटै शरीर भएर हामी येशूमा पूर्ण बिकसित हुन हामीलाई एक अर्काको जरुरत पर्छ. हामी सबै नै कार्यरत हुनु आवश्यक छ र यस्तो भएन भने हामी बिना शरीरले गर्नपर्ने काम गर्नसक्दैन. (त्यसकारण) प्रत्येक सदस्यहरु उत्तिकै महत्वपूर्ण छन्.

ख्रीष्टको शरीर एउटा सुरक्षित ठाउँ पनि हो. यो पृथ्वीमा क्रिश्चियनहरु अति सुरक्षित व्यक्तिहरु हुनुपर्छ. तिनीहरु त्यस्तो शरीरका अङ्गहरु हुन जसको शिर ख्रीष्ट हुनुहुन्छ र उहाँले तिनीहरुलाई हेरचाह र प्रेम गर्नुहुन्छ (एफिसी ५:२३-३२). हामीलाई एक-दोश्राको सुरक्षा प्राप्त छ तर यो सुरक्षा-व्यवस्थाबाट फाइदा लिनको निम्ति शरीर तन्दुरुस्त रहनु अत्यावश्यक छ. हामी छुट्टाछुट्टै बस्नथाल्यौं भने यसबाट फाइदा उठाउने आशा गर्न सकिदैन. हरेक विश्वासी मण्डली संचालनमा आवश्यक यसका बिभिन्न अङ्गहरु हौं र यसरी सुरक्षा अवधारणा थाहा पाउन तलदिइएका नामहरुले हामीलाई सघाउ पुऱ्याउंछन.

| मण्डलीलाई दिइएको नाम | यसबारे बाइबलका पदहरु | नाम अनुसार कामको वर्णन |
| --- | --- | --- |
| परमेश्वरको मण्डली | प्रायश: यो नामलाई प्रयोग गरिएको छ | यो हाम्रो होइन परमेश्वरको मण्डली हो |
| घर | १कोरिन्थी ३:९, एफिसी २:१९-२२ | उद्देउद्देश्य, बनावट र व्यवस्था |
| दुलही | प्रकाश २१:९, २कोरिन्थी ११:२ | सहवास, समर्पणता र प्रेम |
| शरीर | १कोरिन्थी १०:१७, रोमी १२:४-५<br>एफिसी २:१६,४:४; कलस्सी ३:१५ | काम, पूर्णता र एकदोश्रामा आधारित |

| | | |
|---|---|---|
| परिवार | एफिसी ३:१५ | अनुशासन, एकसाथ बसोवास, बांडचुंड, व्यवस्था |
| झुण्ड | १पत्रस ५:२, प्रेरित २०:२८ | आत्मरक्षा, सुरक्षा, सही गन्तब्य र भरण पोषण |
| सुनको सामदान | प्रकाश १:२० | ज्योति, अन्धकारबाट सुरक्षा र निरापद |
| परमेश्वर कोखेत, जमीन | १कोरिन्थी ३:९ | फलदायी र उत्पादनमूलक हुन हामी जन्मेका छौं |
| परमेश्वरको सहकर्मी | १कोरिन्थी ३:९ | मौका र जिम्मेवारी |
| परमेश्वरको पहाड, चट्टान | यशैया २:३ | गौरव, सामर्थ्य र एकता |
| खम्बा | १तिमोथी ३:१५ | सत्य, सहयोग र स्थायित्व |

यो पहिलो बप्तिश्मा बेगर अन्य बप्तिश्माहरुको कुनै अर्थ छैन.

## घ. पानीको बप्तिश्मा

पानीको बप्तिश्मा विश्वासीको बप्तिश्मा हो र यो आत्मिक सत्यको शारीरिक प्रष्फुटन हो. ख्रीष्टको मृत्यु र पुनरुत्थानमा हामीपनि सहभागी हुन्छौं भनेर वास्तवमा हामीले पानीको बप्तिश्माद्वारा भनिरहेका हुन्छौं. हुन त बप्तिश्मा लिने व्यक्ति पापको लेखि येशूजस्तै मरेको हुदैन तर ख्रीष्टको कामको निम्ति आफू उपलब्ध भएको तथ्यको साक्षी स्वरुप ऊ सार्वजनिक घोषणा गरिरहेको हुन्छ. ऊ पानीमा चुर्लुम्म डुबेपछि उसको पुरानो स्वभाव प्रतीकात्मक रुपमा मरेको मानिन्छ र बाहिर निस्कँदा येशूसित नयाँ जीवनमा जिउंछ. उहाँको चेला भएर ऊ येशूको निम्ति जिउने घोषणा गर्दछ. "म ख्रीष्टसँगै क्रूसमा टांगिएको छु, अब उप्रान्त जिउने म होइन, तर ख्रीष्ट ममा जिउनुहुन्छ." (गलाती २:२०). बप्तिश्मा लिने व्यक्ति पाप र मृत्युका निम्ति सैद्धान्तिक हिसाबले येशू ख्रीष्टसँग ऊ मरेको छ भन्ने तथ्यमा परमेश्वरसित ऊ अक्षरश: सहमत भएको देखाउंछ र यसरी ऊ परमेश्वरको निम्ति ख्रीष्टमा जीवित भएको छ.

उहाँको पुत्रको मृत्युको प्रभावबारे बप्तिश्मामा परमेश्वरसित मानिस जानी बुझिकन सहमति जनाउंछ. हामी आनन्दसाथ र आफ्नो राजी खुशीसाथ कलवरीको छुटकारा दिने कार्यसित हामी आफूलाई सम्बद्ध गराउंछौं.

१. *पूरा डुब्की किन ?*

क. बप्तिश्माको निम्ति ग्रीक शब्द Baptizo को अर्थ "डुबाउनु" भन्ने हुन्छ. यो शब्दले एउटा कपडालाई रंगाउंदा रंगमा डुबाउने अर्थमा लिइन्छ.

ख. यूहन्ना बप्तिश्मा दिनेले एनोन नदिमा बप्तिश्मा दिन्थे किनभने त्यहाँ भएको पानीको प्रशस्तताले "पूरै डुब्ने" कामको संकेत दिएको छ (यूहन्ना ३:२३).

ग. मुख्य बुँदाचाहिं यो हो - पूरै डुब्नुले मात्र शव दफनको सही कार्यलाई देखाउंछ (रोमी ६:४; कलस्सी २:१२)

२. *मानिसहरुलाई पानीको बप्तिश्मा किन दिने ?*

क - यो येशूको आज्ञा हो (मत्ती २८:१९).

ख - परमेश्वरको शुद्ध विवेकको यो प्रतीक हो (१ पत्रस ३:२१).

ग - किनभने येशू आफैं पनि बप्तिश्मा हुनुभएको थियो (मत्ती ३:१३-१७).

घ - यो एक किसिमको खतना हो (कलस्सी २:११-१२).

ङ - शुरुको मण्डलीको यो आधारभूत सिद्धान्त थियो (प्रेरित २:४१, १०:४७-४८).

च - पानीको बप्तिश्माले धोइनु वा पखालिनुलाई दर्शाउंछ (प्रेरित २२:१६). वास्तवमा यो प्रतीक मात्र हो किनभने हामी येशूको रगतले धोइएर सफा पारिएका छौं (प्रकाश १:५) र परमेश्वरको वचनबाट शुद्ध पारिएका छौं (यूहन्ना १५:३) तथापि पापबाट धोइनु र शुद्ध पारिनुको प्रतीक र साक्षी स्वरुप पानीको बप्तिश्मालाई लिइएको छ.

छ - भित्र जे भएको छ त्यसको यो बाहिरी स्वीकारोक्ति हो. यसले हाम्रो येशूसितको एकात्मकतालाई प्रष्ट्याएको छ (रोमी ६:१-११).

३. *पानीको बप्तिश्माबाट विभिन्न विषयहरुको स्वीकारोक्तिलाई देखाउंछ*

- स्वर्ग (येशूको मृत्यु र पुनरुत्थानमा हाम्रो विश्वास, १कोरिन्थी १५:३-४)
- मण्डली (यसको हामी एक भाग हौं)
- संसार (यसबाट हामी मुक्त भएका छौं)
- शैतान (उसँग हाम्रो सम्बन्ध विच्छेद भएको छ र अबदेखि उसो हामी परमेश्वरपट्टि मिलेका छौं)

पानीको बप्तिश्मामा प्रभु येशूको मृत्यु, दफन र पुनरुत्थानसँगसँगै हाम्रो पहिचान भएको छ.

ङ. पवित्र आत्मामा बप्तिश्मा

जुन स्थानमा परमेश्वरले हामीलाई पुऱ्याउनुभएको छ त्यसको निम्ति उहाँलाई धन्यवाद छ तर त्यतिमात्र नभएर त्यो स्थानमा कायम रहन आवश्यक शक्ति पनि उहाँले हामीलाई उपलब्ध गराउनु भएको छ (प्रेरित १:८; यूहन्ना १:३३).

**१. पवित्र आत्मामा बप्तिश्मा किन हुनुपर्ने ?**

*क. यो एउटा आज्ञा हो* (एफिसी ५:१८). हामीले जति लिनसक्छौं त्यसै परिमाणमा हामी भरिनसक्छौं. शुरुमा यो साह्रै थोरै मात्रामा होला तर परिपक्वतामा बढदैजांदा यसको परिमाणमा पनि बृद्धि हुँदैजान्छ. त्यसकारण हाम्रो जति सामर्थ्य छ त्यसै अनुपातमा हामी लगातार भरिदै जानुपर्छ. एफिसी ५:१८ को "पवित्र आत्माले भरिपूर्ण होओ" मौलिक ग्रीक भाषा अनुसार, "आत्माले निरन्तर भरिइरहो" अनुवाद बढी उपयुक्त देखिन्छ.

*ख. साक्षी दिनको निम्ति यसले नयाँ साहस र शक्ति प्रदान गर्दछ* (प्रेरित १:८; प्रेरित २:१४; प्रेरित ४:३१-३३).

*ग. पवित्र आत्माको वरदानहरु प्राप्त गर्न यसको जरुरत पर्दछ* (१कोरिन्थी १२:७-११).

*घ. पवित्र आत्माको फलहरुको अत्यधिक प्रष्फुटनको निम्ति यो आवश्यक छ* (गलाती ५:२२-२३).

*ङ. परमेश्वरको महिमाको निम्ति जीवन जिउन यसको आवश्यकता छ* (यूहन्ना १६:१४).

*च. यसबाट येशू हाम्रो निम्ति झन वास्तविक देखिनुहुन्छ* (यूहन्ना १५:२६; यूहन्ना १६:१३-१५; प्रेरित ९:१७).

*छ. यसले प्रार्थनालाई अझ बढी प्रभावकारी बनाउंछ* (रोमी ८:२६-२७, १कोरिन्थी १४:४, १५).

*ज. साँचो प्रकारले परमेश्वरको आराधना गर्न यसले मदत गर्छ* (प्रेरित २:११; प्रेरित १०:४६; यूहन्ना४:२३-२४; एफिसी ५:१८-२०).

*झ. परमेश्वरको वचनमा यसले नौलो प्रेम र समझ हामीमा ल्याउंछ* (यूहन्ना १६:१३; १कोरिन्थी २:९-१६).

*ञ. परमेश्वरले अह्राउनु भएको काम गर्न यसले सामर्थ्य प्रदानगर्छ* (प्रेरित १:८).

२. हामी सबै भरिन आवश्यक छ

भरिनको निम्ति हाम्रो हृदय सफा हुनुपर्छ. हामीले हाम्रा पापहरु मानिलिनुपर्छ. हामी जति नै ठीक भएपनि अरुलाई हामीले क्षमा गर्नुपर्छ (१यूहन्ना १:७-९; लूका ६:३७-३८). भरिनको निम्ति हामी तिर्खाउनुपर्छ र येशूकहाँ आएर पिउनुपर्छ (पवित्र आत्मा प्राप्त गर्नुपर्छ). त्यसपछि हाम्रा अन्तस्करणहरुबाट जिउंदो पानीका मुहान निस्केर बग्नेछ, त्यो हो पवित्र आत्मा (यूहन्ना ७:३७-३९). पवित्र आत्माद्वारा हामी भरिएको प्रमाण हो येशू, उहाँको काम र हामीलाई सामर्थ्य प्रदान. पवित्र आत्माको बप्तिश्मा पाएका सबै विश्वासीहरु (अन्य) भाषामा बोल्न सक्षम हुन्छन.

३. मानिसहरु आत्माले भरिएपछि बाइबलमा तिनीहरुलाई के भएको देख्छौं ?

* १२० जना अन्य भाषाहरुमा बोल्छन (प्रेरित २:४) र परमेश्वरको वचन साहसपूर्वक बोले (प्रेरित ४:३१).
* कर्नेलियस र उसका साथमा भएका अरुहरुले पनि अन्य भाषामा बोलेर परमेश्वरको प्रशंसा गरे (प्रेरित १०:४६).
* पावलले आफ्नो दृष्टि पाउंछन (प्रेरित ९:१७-१८).
* एफिसीहरुले अन्य भाषा बोलेर अगमवाणी गर्छन् (प्रेरित १९:६).
* सामरिहरुका बारेमा बाइबलमा केही वर्णन छैन तापनि सिमोनले केही (अचम्मको) कुरा देख्छ (प्रेरित ८:१७-२४).
* येशूले पृथ्वीमा आफ्नो सेवकाई शुरु गर्नुहुन्छ जुन कामको निम्ति उहाँ आउनु भएको थियो (लूका ४:१८-१९; प्रेरित १०:३८).

४. अन्तमा

विश्वाससाथ यसको खोजी गर्नेहरुलाई पवित्र आत्माको बप्तिश्मा दिइएको छ (गलाती ३:२-५). यसको निम्ति संघर्ष गर्नुपर्दैन, पीडा सहनुपर्दैन, गिडगिडाएर माग्नुपर्दैन, धेरै समयसम्म कुर्नुपर्दैन र मोलतोल गर्नुपर्दैन. आफ्ना चेलाहरुका लागि उहाँ जस्तै जीवन-यापन गर्नसक्नाको निम्ति यो प्रभुबाट पाइने सित्तैंको वरदान हो (लूका ११:११-१३).

## च. आगोको बप्तिश्मा

मत्ती ३:११-१२ मा खास काममा नआउने भूसको बारेमा लेखिएको छ. एक समयमा गहुं उम्रेर बढनको निम्ति यसको आवश्यकता हुन्छ तर केही समय पश्चात यसको कुनै काम आउदैन. हामीले यसलाई फाल्नुपर्ने हुन्छ. हामीलाई खार्न र शुद्ध पार्न हाम्रो जीवनपथमा परमेश्वरले धेरै कुराहरु लगाउनुहुन्छ. शुद्ध हुन र टुक्रिन हामीलाई समय लाग्छ. यसरी उहाँले

हामीलाई आफूले इच्छा गर्नु भए अनुसारको आकारमा ढाल्न चाहनुहुन्छ. यो एउटा कष्टपूर्ण प्रक्रिया हुनसक्छ (यशैया ६:५-७) तर परिणाममा हामी येशूजस्तै हुनपुग्छौं.
हाम्रो जीवनबाट फोहर-मैलाहरु हटाएपछि एउटा विशेष क्षेत्रमा हामी शुद्ध हुन्छौं. एउटा समस्यामा अड्किनुभन्दा शुद्ध भएर यसबाट परमेश्वरले हामीलाई बनाउन चाहनुभएको कुरामा हामी पूर्णरुपमा लाग्नसक्छौं. हाम्रो जीवनको निम्ति परमेश्वरले जे योजना गर्नुभएको छ त्यो पूरा गर्ने हामी एउटा साधन बन्नेछौं. हाम्रा परिस्थितिहरु र जीवनको चापलाई हाम्रो जीवन खार्ने प्रक्रिया पूरा गर्नमा परमेश्वरले प्रयोग गर्नुभएको छ. त्यस्तो गह्रौं कुनै चीज उहाँले हामीमाथि राख्नुहुनेछैन, (यसको निम्ति) हामी उहाँमा भरोसा गर्नसक्छौं. तर पनि यदि त्यस बोझबाट हाम्रो जीवन बद्लिएन र बोझको स्रोतमाथि विजय प्राप्त भएन भने परमेश्वरले इच्छा गर्नु भए अनुसारको बन्न हामी सक्दैनौ. त्यसरी हामी जहिले पनि फलदायीपनको छेउसम्म पुग्छौं तर ख्रीष्टमा पूर्ण भरपूरी भने प्राप्त गर्न सक्दैनौं.

हामी केबाट बनिएका छौं त्यो र हाम्रो कमजोरीहरु समेत परिस्थितिको चापले हामी आफैंलाई स्पष्ट पारिदिन्छ. हामी आफैंले केही गर्न सक्ने हाम्रा जीवनका पक्षहरुलाई परमेश्वरमा सुम्पिदिएपछि हाम्रो परिवर्तन हुनेछ. जुन कुरा हटाउनुपर्छ, त्यसलाई हटाउनेछौं र अन्तमा हामी प्रभुको प्रयोगको निम्ति योग्य भांडोहरु हुनेछौं. जुन कुरामा कमी कमजोरी थियो त्यसबाट पनि परमेश्वरले चाहनु भए मुताबिक काम गर्न हामी सफल हुनेछौं.

हाम्रो जीवन र परिस्थितिहरु परमेश्वरको नियन्त्रणमा छ. उहाँले इच्छा गर्नु भए अनुसार हामीले उहाँतिर मन लगायौं भने हाम्रा सबै कुराहरुमा हेर विचार गर्न हामी उहाँमा भरपर्न सक्छौं र यसरी उहाँले हाम्रा निम्ति उत्तम व्यवस्था गर्नुहुनेछ. सम्झना गर्नुहोस् त हामी उहाँका सन्तान हौं.

येशूका धेरै चेलाहरुले आफूहरुलाई परिवर्तन गर्न परमेश्वरसँग बिन्ती गर्छन्. तर जब चाप बढ्नथाल्छ त्यतिबेला त्यसबाट उम्कन तिनीहरु उहाँमा पूकारा गर्छन्. परमेश्वरले तिनीहरुको शुरुको प्रार्थनाको उत्तर दिनलाग्नुहुंदा त्यसबाट वास्तवमा भाग्न खोज्न. हामीले आफ्नो जीवन परमेश्वरमा सुम्पेर उहाँलाई इच्छा लागे अनुसार गर्न दिनुपर्छ. यो महंगो

र कष्टकर हुनसक्छ (१ पत्रस ४:१२-१९; २ तिमोथी २:३; प्रकाश २:१०) तर अन्तमा हामी छांट्रिएर झन बढी फल फलाउदै येशूजस्तै हुनेछौं (यूहन्ना १५:२).

## छ. प्रश्नहरु र छलफलका बुँदाहरु

१. के तपाईं विश्व्यापी ख्रीष्टको शरीर (मण्डली) को एक अंग हुनुभएको अनुभव गर्नुहुन्छ अथवा अलिकति एक्लिएको ? यदि एक्लिएको हो भने कारण के हो ?

२. के परमप्रभुले तपाईंको विशेष खांचो तथा परिस्थितिहरुको वास्ता गर्नुहुन्छ र त्यसबाट विजयी निस्कन पर्याप्त मदत गर्नुभएको छ ? (मत्ती ६:२५-३४).

३. उहाँको शरीर (मण्डली) मा तपाई कहाँ स्थापित हुनुभएको र तपाईंको के जिम्मेवारी हो सो येशूलाई थाहा छ कि ? यी सबैमा तपाई सन्तुष्ट हुनुहुन्छ ?

४. ख्रीष्टको शरीरको स्थानीय रुप तपाईंको मण्डलीले तपाईंलाई आवश्यक सुरक्षा दिनसकेको छ ?

५. तपाईले बप्तिश्मा लिनु भएको होस कि नहोस, के तपाईं सत्यतामा जिउनुभएको छ ? सत्य यो हो - हामी ख्रीष्टसँगै क्रूसमा टाँगिएका छौं, अब उप्रान्त जिउने हामी होइनौ तर ख्रीष्ट हामीमा जिउनुहुन्छ (गलाती २:२०).

६. पवित्र आत्माको बप्तिश्मा वा भरपूरी बिना पनि के येशूको कामलाई जारि राख्न सम्भव छ ?

७. यदि मानिसहरु परमेश्वरका सन्तान हुन र सबै कुराहरु उहाँको नियन्त्रणमा छन भने किन तिनीहरु जीवनका कठिनाई तथा चापबाट भाग्ने कोशिस गर्छन् ?

८. यदि परिस्थितिको चापलाई गम्भीरतापूर्वक लिनथाल्यौं भने त्यसले जीवनमा तनाव उत्पन्न गर्छ. यसो हुन नदिन हामी के गर्नसक्छौ ?

## ज. सारांश र प्रयोग

१. येशूका चेलाहरु हामी सबै ख्रीष्टको विश्वव्यापी मण्डलीका पवित्र आत्माको बप्तिश्माद्वारा एक अंग भएका छौं.

२. उहाँको शरीर (मण्डली) को शिर येशू हुनुहुन्छ भन्ने ज्ञानले हामीमा सुरक्षाको भावना उत्पन्न गर्छ. उहाँले हामी सबैको व्यक्तिगत रुपमा सम्भार गर्नुहुन्छ.
३. पानीको बप्तिश्माद्वारा हाम्रो पुरानो स्वभावको मृत्यु भएको छ र अब पवित्र आत्माद्वारा येशूले दिनुभएको नयाँ स्वभाव र जीवनमा हामी जिउंदछौं.
४. येशूका चेलाहरु भएर जिउन पवित्र आत्माको बप्तिश्माले हामीलाई सामर्थ्य प्रदान गर्दछ.
५. येशूका चेलाहरु उहाँजस्तै हुनको निम्ति आवश्यक कठिनाईहरु पार गर्न शुद्धिकरणको प्रक्रियालाई अगाडि बढाउने काम आगोको बप्तिश्माले गर्दछ.